आज मिति २०७७/०९/२० गतेका दिन विहान ११:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क | कार्यपालिका सदस्य | |
| २८) | श्री रिश्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री जगन्नाथ पन्त | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. १. प्राविधिक कार्यक्रम थपका लागि सिटिईभिटीमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १.** धनगढी उप-महानगरपालिका र प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषद् (CTEVT) को साँझेदारीमा संचालन भै रहेको धनगढी पोलिटेक्निक ईन्स्टिच्यूटमा प्रशिक्षार्थीहरुको चापलाई मध्यनजर गर्दै न्यून शुल्कमा तपसिल बमोजिमका थप कार्यक्रमहरु सन्चालन गर्नका लागि सिटिईभिटीमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिल :-**

**ईन्जिनियरिङ्ग तर्फ :-**

- डिप्लोमा ईन सिभिल ओभरसियर
- डिप्लोमा ईन सर्भे

**स्वास्थ्य तर्फ :-**

- स्टाफ नर्स (पि.सि.एल. ईन नर्सिङ्ग)
- एच. ए. (जनरल मेडिसियन)
- डिप्लोमा ईन फार्मेसी
- ल्याव (डिप्लोमा ईन एम.एल. टी)
- आयुर्वेद (डिप्लोमा ईन आयुर्वेद)
- डिप्लोमा ईन अपथालमिक

**प्रस्ताव नं. २. स्वास्थ्य तर्फका कार्यक्रमहरुको प्रयोगात्मक कक्षा संचालन सम्बन्धमा ।**

**निर्णय नं. २** धनगढी पोलिटेक्निक ईन्स्टिच्यूटमा स्वास्थ्य तर्फका कार्यक्रमहरुको प्रयोगात्मक कक्षा संचालनका लागि सेती प्रादेशिक अस्पताल, धनगढी,कैलाली संग सम्झौताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३. कानूनी राय सम्बन्धमा ।**

**निर्णय नं. ३.** यस उप-महानगरपालिका नगरकार्यपालिकाको मिति २०७७/०९/०५ मा ५५ औं वैठकको निर्णय नं. २ अनुसार को विषयमा कानूनी राय माग गरिएकोमा कानूनी सल्लाहकार अधिवक्ता श्री भरत वहादुर सिंहले पेश गर्नु भएको पाना ३ को राय उपर छलफल गरियो । भवानी कन्सट्रक्सन र भूमिराज विल्डर्सले मिति २०७७/०८/१८ को पुनरविचार गरि पाउँ भनि दिएको निवेदनको व्यहोरा सम्बन्धमा कानूनी सल्लाहकारको राय मुताविक पूर्व निर्णय पुनरविचर गरि दोस्रो, तेस्रो क्रमका निजहरुको बैंक जमानत दावी नगर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४. रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं.** ४. (क) धनगढी उप-महानगरपालिका वडा नं. ४, र १३ जोड्ने कैलाली नालामा पक्की पुल निर्माणको आ.व. ०७६/०७७ मा बोलपत्र आह्वान भई तिन करोड छब्बिस लाखमा ठेक्का भएको र आ. व. ०७७/०७८ को स्वीकृत वजेट कार्यक्रममा सो कार्यका लागि रु बत्तीस लाख दस हजार मात्र विनियोजन भएको कारण प्रगती भई सकेकोमा पनि भुक्तानी दिन कठिनाई भएकाले धनगढी उप-महानगरपालिका वडा नं. १, १० र १७ मा त्रिनगर , जनकल्याण र भानु मा.वि. निर्माणका लागि ससर्त अनुदान अन्तर्गत रु दुई करोड र समानिकरण अनुदान अन्तरगत रु एक करोड वजेट विनियोजन भएकोमा सो को लागि यस वर्ष ससर्त तर्फकोले पुग्न जाने देखिदा समानिकरण अनुदान अन्तर्गत विनयोजित एक करोड रकम पुल निर्माण कार्यका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

**(ख)** आ.व. ०७७/०७८ मा चालू तर्फ विनियोजित खर्च शिर्षकहरु मध्येबाट रकम अपुग हुन गएकोले निम्नानुसारको शिर्षकहरुबाट निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

| **घटाउने** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **बजेट उप-शिर्षक** | **कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम** | **खर्च शिर्षक** | **स्रोत समूह** | **बजेटको स्रोत/ तह** | **प्राप्तिको श्रोत** | **भुक्तानी विधि** | **रकम रु** | **कैफियत** |
| धनगढी उप-महानगरपालिका | भैपरी आउने चालू | २८९११ | राजस्व बाडफाँट | प्रदेश सरकार | नगद | नगद | २०००००० | |
| धनगढी उप-महानगरपालिका | भ्रमण खर्च | २२६१२ | राजस्व बाडफाँट | संघिय राजस्व | नगद | नगद | १५००००० | |
| **बढाउने** | | | | | | | | |
| **बजेट उप-शिर्षक** | **कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम** | **खर्च शिर्षक** | **स्रोत समूह** | **बजेटको स्रोत/ तह** | **प्राप्तिको श्रोत** | **भुक्तानी विधि** | **रकम रु** | **कैफियत** |
| धनगढी उप-महानगरपालिका | विद्युत सामाग्री | ३११५३ | राजस्व वाडफाट | प्रदेश सरकार | नगद | नगद | १००००००।- | |
| धनगढी उप-महानगरपालिका | इन्धन कार्यालय प्रयोजन | २२२१२ | राजस्व वाडफाट | प्रदेश सरकार | नगद | नगद | १००००००।- | |
| धनगढी उप-महानगरपालिका | इन्धन कार्यालय प्रयोजन | २२२१२ | राजस्व वाडफाट | संघिय राजस्व | नगद | नगद | १५०००००।- | |

**(ग)** यस उपमहानगरपालिकाको डिजिटल प्रोफायल बनाउनका लागि हाल सम्म पहिचान भएका घरधुरी (४०२५०, संस्थागत समेत) मा गणक खटाइ तथ्याङ्क संकलन गर्न आवश्यक अनुमानित रु. १०,५०,०००।- (अक्षरुपी दश लाख पचास हजार) बजेट परामर्श शिर्षकमा विनियोजित रकमबाट खर्च वेहोर्ने निर्णय गरियो ।

**(घ)** डिजिटल प्रोफायल, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीको लगत संकलनमा वडास्तरीय समस्या समाधान सहजिकरण कार्य, आगामी योजना तर्जुमाका लागि वस्तिस्तरमा जन सहभागिता बढाउन, वडाक्षेत्रमा हुने योजना/ कार्यक्रमहरुको अनुगमन, सहजिकरण, सामाजिक परीक्षण समेतमा र वडाक्षेत्रमा रहेका मेलमिलाप केन्द्रका वैठक सञ्चालन खर्च (खाना, खाजा, मसलन्द, यातायात) समेतका लागि चालू आ.व.को बाँकी अवधिका लागि प्रतिवडा रु. १,००,०००।- (अक्षरुपी एक लाख) मा नबढ्ने गरी रु १९,००,००० (अक्षरुपी उन्नाईस लाख) बजेट परामर्श शिर्षकमा रहेको बजेट मध्येबाट रकमान्तर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५. प्रस्ताव पठाउने सम्बन्धमा ।**

**निर्णय नं. ५.** नेपाल सरकार महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, काठमाडौँको प.सं ०७७/०७८ च.नं.६६ , मिति २०७७/०७/०३ को समन्वय तथा सहजिकरण सम्बन्धी विषयको पत्रबाट लेखी आए बमोजिम तपसिलका प्रस्तावहरु सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश मार्फत पठाउने निर्णय गरियो ।

तपसिल:

(१) अपाङ्गता नागरिक ग्रामका लागि वडा नं. ११ मा रहेको दक्षिणकालि वहिरा आधारभूत आवाशिय विद्यालयको भोगचलनमा रहेको करिब ४ बिगाह जग्गा मध्ये समग्र विद्यालय गुरु योजनाका लागि आवश्यक पर्ने जग्गा (अधिक्तम एक विगाह) मा सो गुरु योजना निर्माण गरि वाँकी करिब ३ विगाह जग्गामा अपाङ्गता नागरिक ग्राम निर्माण का लागि प्रस्ताव पेश गर्ने ।

(२) जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाका लागि वडा नं. १५ मा रहेको निर्माणाधिन जेष्ठ नागरिक मिलन केन्द्रको भवन रहेकै स्थानमा जेष्ठ नागरिक मिलन केन्द्र सन्चालन गर्न आवश्यक स्रोत साधन व्यवस्था गरि दिन माग गर्ने र सहकार्य गर्ने ।

(३) राष्टपती मिलन उत्थान कार्यमक्रम अन्तरगत यस उप-महानगरपालिकामा छनौट भएका वस्तीहरुलाई वहुआयामिक नमूना ग्राममा परिणत गर्न कार्यविधि अनुसार डि.पि.आर निर्माण गर्न आवश्यक वजेट व्यवस्था गरिदिन माग गर्ने र सहकार्य गर्ने ।

(४) सामाजिक विकास मन्त्रालयबाट निर्माण हुने दिर्घकालिन पुर्नःस्थापना केन्द्रका लागि जग्गा छनौट गरि कार्य अगाडि वढाउने । (करिव १ विगाह पूर्वाधार भएको क्षेत्र)

**प्रस्ताव नं. ६. प्रदेश समपूरकआयोजना / कार्यक्रमहरुको प्रस्ताब सम्बन्धमा ।**

**निर्णय नं. ६.** आर्थिक वर्ष २०७८/२०७९ मा विशेष र समपूरक अनुदान तर्फ कार्यान्वयन हुने आयोजनाका लागि कार्यक्रमहरु अनुसार तपसिल बमोजिमका प्रस्तावित आयोजनाहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेश, मा पेश गर्ने निर्णय गरियो ।

| **प्राथमिकता क्रम** | **प्रस्तावित आयोजना / कार्यक्रमहरु** |
|---|---|
| १ | पर्शु चौकको उत्तर सडक कालोपत्रे गर्ने काम धनगढी – ८ गाउँ धनगढी |
| २ | ब्रह्मकुमारी ईश्वरीय विश्व बिद्यालय क्षेत्रिय प्रशिक्षण केन्द्र निर्माण । धनगढी -५ |
| ३ | श्री जनजागृति आ.वि. भवन निर्माण धनगढी – १५ कनरी |
| ४ | धनगढी – ४ ओम शान्ति टोल सडक कालोपत्रे गर्ने काम |
| ५ | धनगढी – ४ नवादेउ टोल नरेश ओझाको घर देखी पूर्व केशब पन्तको घर सम्म जाने सडक कालोपत्रे गर्ने काम |
| **समपुरक अनुदान तर्फ आयोजना / कार्यक्रमहरु** | |
| प्राथमिकता क्रम | प्रस्तावित आयोजना / कार्यक्रमहरु |
| १ | श्री भवानी मा.वि . भवन निर्माण धनगढी – ९ गौरीपुर |
| २ | श्री शिव गंगा आ.वि. भवन निर्माण धनगढी – १५ उर्मा |
| ३ | धनगढी उप-महानगरपालिका – ८ बिध्यानगर, लालीगुराँस , सभ्यता, कान्तिपुर, डिस्कभरी, संस्कार, गंगा जमुना र एकान्त मार्ग कालोपत्रे गर्ने काम |
| ४ | पक्कि पुल निर्माण धनगढी – ११ जोखैया नाला रिंगरोडमा |
| ५ | पक्कि पुल निर्माण धनगढी – १६ भादा होंम स्टे गेट नजिक खोलामा |

**प्रस्ताव नं. ७. DPR सम्बन्धमा ।**

**निर्णय नं. ७.** संघीय र प्रदेश समपूरक तथा विशेष अनुदान तर्फ प्रस्तावित विद्यालय भवनको DPR तयार गर्नको लागि standard Drawing / Desizen लाई आधार मानी DPR तयार गर्ने र सो को लागि लाग्ने कन्सल्टेन्सी खर्च धनगढी उप-महानगरपालिका वडा नं. ७,१२,१४ र १५ मा रा.मा.वि. वेली, सिद्धनाथ मा.वि, शिवशंकर मा.वि र शिव गंगा आ.वि. को भवन निर्माण शिर्षकबाट भूक्तानी भई बच्न गएको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८. एक गाउँ एक प्राविधिक सम्बन्धमा ।**

**निर्णय नं. ८.** साविक जिल्ला पशु सेवा कार्यालयबाट एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तरगत विगतका वर्ष देखि यस उप-महानगरपालिका अन्तरगत हस्तान्तरित २ जना कर्मचारीहरुको अवधि सम्बन्धमा मिति २०७७/०७/२७ गतेको ५४ औं

कार्यपालिका वैठकको निर्णय नं. ५ मा उल्लेख भएकोमा सो का लागि पशु सेवा तर्फका ससर्त अनुदान समेतबाट पारिश्रमिकको व्यवस्था गर्न सकिने देखिएकोले र निजहरुको कार्य सन्तोषजनक नै भएकाले चालू आ.व. को पुरै अवधिका लागि म्याद थप गरि कामकाजमा लगाउने निर्णय गरियो।

**प्रस्ताव नं. ९. अवैध संरचना हटाउन कार्यदल गठन गर्ने सम्बन्धमा।**

**निर्णय नं.** ९. धनगढी उप-महानगरपालिका भित्र रहेको सार्वजनिक जगा अतिक्रमण गरि निर्माण गरिएका संरचनाहरु हटाउने पहलका लागि निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो।

निम्न:

१. सम्बन्धित वडाको वडा अध्यक्ष- अध्यक्ष

२. बजार निरीक्षण तथा अनुगमन शाखाको शाखा प्रमुख- सदस्य

३. सामुदायिक शाखाको शाखा प्रमुख- सदस्य

४. नापी अधिकृत वा सम्बन्धित वडामा कार्यक्षेत्र तोकिएका अमिन- सदस्य

५. सम्बन्धित वडामा साइट ईन्चार्ज तोकिएका प्राविधिक- सदस्य

**प्रस्ताव नं . १० विविध**

(क) जिल्ला लघु उद्यम समुह संघ, कैलाली संगको साझेदारी कार्यक्रम रु. ७,००,०००।-

(ख) धनगढी उप-महानगरपालिकाको वडा नं. १५, १६, १७ का किसानहरुले उत्पादन गरेको तरकारी संकलन गर्न, संकलन केन्द्र निर्माण गर्नुपर्ने भएकोले वडा नं. १६ मा रहेको वेहडा बाबा मा.वि.को नजिक ४ विगाह क्षेत्रफलमा रहेको स्थान छनौट गर्ने निर्णय गरियो।

(ग) हिमाली टोल जाने सडक उत्तर प्रकास देउवाको घरसम्मको सडक ग्रावेल गर्न रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख) पुजीगत विविध बाट गर्ने निर्णय गरियो।

(घ) मिति २०७७/०७/२७ को ५४ औं कार्यपालिका वैठकको निर्णय नं. ६ मा वडा अध्यक्षहरुको इन्धन सुविधा सम्बन्धमा उल्लेख भएकोमा सोलाई थप प्रष्ट गर्नुपर्ने भएकोले प्रदेश कानून बमोजिम वडा अध्यक्षहरुले पाउन सक्ने प्रति महिना २५ लिटर ईन्धन (पेट्रोल) को सुविधा भन्दा कम इन्धन लिएको परिमाण हेरी चालू आ.व. को श्रावण महिना देखी हाल सम्मको फरक परिमाण एकमुष्ट थप हिसाब गरी र यो महिना देखि २५ लिटरका दरले हुन आउने रकम अन्य सुविधा संगै सम्बन्धित वडा अध्यक्षको बैंक खातामा जम्मा गरि दिने। २५ लिटर ईन्धन सुविधाको अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

(ङ) धनगढी उप-महानगरपालिका र प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषद् (CTEVT) को साँझेदारीमा संचालन भै रहेको धनगढी पोलिटेक्निक ईन्स्टिच्यूटमा अटो मोबाईल विषयको अध्ययन अध्यापनका गर्ने कार्यका लागि अटो मोवाईल यान्त्रीक साधनहरु (सवारी साधन) आवश्यक पर्ने हुँदा यस कार्यालयमा विग्रेर काम नलाग्ने अवस्थामा रहेका तथा लिलाम हुन नसकेका सवारी साधनहरुलाई धनगढी पोलिटेक्निक ईन्स्टिच्यूटलाई हस्तानान्तरण गर्ने निर्णय गरियो।

(च) यस धनगढी उपमहानगरपालिकाको योजना शाखामा कार्यरत सातौँ तहका अधिकृत सत्यराज जोशीलाई २०७७/१०/०१ देखी घर भाडा मासिक रु. ७०००।- (अक्षरुपी सात हजार) दिने निर्णय गरियो।

(छ) यस धनगढी उप-महानगरपालिकामा सेवा करारमा कार्यरत प्राविधिक एवं अप्राविधिक सम्पूर्ण कर्मचारीहरुको २०७७/१०/०१ देखि करार म्याद साविक बमोजिमकै सेवा सुविधा हुने गरी २०७८ असार मसान्त सम्मका लागि निरन्तरता दिने निर्णय गरियो । साथै ज्यालादारिमा कार्यरत कर्मचारीहरुको पनि सम्बन्धित वडा कार्यालयहरु र शाखाहरुबाट प्रमाणित डोर हाँजिर बमोजिम कामकाजमा लगाउने/ कामकाजमा आवश्यक नभएका भए सम्बन्धित वडा कार्यालयहरु, शाखाहरुले कामकाजमा नलगाउने समेत निर्णय गरियो ।

(ज) यस धनगढी उप-महानगरपालिका वडा नं. ७ मा रहेको सरस्वती मा.वि. को भवन निर्माण कार्य सम्पन्न भई सकेकोमा भूक्तानी का लागि अपुग भएको रकम रु. १०, २४०००।- (अक्षरुपी दश लाख चौबिस हजार) पूजिगत शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।